Oct 2, 2023

National News

प्रमुख समाचार:-

1. प्रधानमन्त्री श्री नरेन्द्र मोदीद्वारा आज मध्य प्रदेशमा लगभग 19 हजार 260 करोड रुपैयाँका धेरै विकास परियोजनाहरूको शुभारम्भ
2. प्रधानमन्त्री श्री मोदीद्वारा राजस्थानको चित्तोडगढमा करिब सात हजार करोड रुपैयाँको विभिन्न विकास परियोजना राष्ट्रलाई समर्पण
3. वर्ष २०२३ को चिकित्सा क्षेत्रको नोबेल पुरस्कार हंगेरीका प्रोफेसर काटेलिन कारिको र संयुक्त राज्य अमेरिकाका प्रोफेसर ड्रयू वेइसम्यानलाई संयुक्त रूपमा प्रदान गरिने
4. आजदेखि सरकारी कार्यालयहरूमा तेस्रो चरणको विशेष सरसफाई अभियान सुरु
5. आज हाङ्जाउ एसियाली खेलकुदको पदक तालिकामा भारत चौथो स्थानमा

1. PM Bhopal Visit

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज मध्यप्रदेशको ग्वालियरमा करिब १९ हजार २ सय ६० करोड रुपैयाँका विभिन्न विकास परियोजनाको शिलान्यास र उद्घाटन गर्नुभएको छ। उहाँले आगामी ५ वर्ष मध्य प्रदेशका लागि निकै महत्वपूर्ण हुने बताउनुभयो। उहाँले नारी शक्ति वन्दन ऐन यथार्थमा परिणत भएको बताउनुभयो। उहाँले मध्यप्रदेशलाई उत्कृष्ट तीन प्रदेशमा समावेश गर्ने हाम्रो लक्ष्य रहेको बताउनुभयो । प्रधानमन्त्रीले भारतलाई विकसित र समृद्ध राष्ट्र बनाउनु हामी सबैको दायित्व भएको बताउनभयो।

2. PM Rajasthan

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले राजस्थानको चित्तोडगढमा करिब सात हजार करोड रुपैयाँको विभिन्न विकास परियोजनाको शिलान्यास गर्दै राष्ट्रलाई समर्पित गर्नुभएको छ। प्रधानमन्त्रीले करिब ४,५०० करोडको लागतमा निर्माण भएको मेहसाना-भटिंडा-गुरदासपुर ग्यास पाइपलाइनको उद्घाटन गर्नुभयो। प्रधानमन्त्रीले राष्ट्रलाई समर्पण गरेका रेल परियोजनाहरूमा चित्तौडगढ-निमुच रेलवे लाइन र कोटा-चितोडगढ विद्युतीकृत रेलमार्गलाई दोहोरो बनाउने

समावेश छ। प्रधानमन्त्रीले स्वदेश दर्शन योजना अन्तर्गत नाथद्वारामा विकसित पर्यटन सुविधाको उद्घाटन गर्नुभएको हो । कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्रीले चित्तोडगढबाट सुरु हुने परियोजनाहरूले राजस्थानको पूर्वाधार, कनेक्टिभिटी र शिक्षामा परिवर्तनकारी प्रभाव पार्नेछ र आम जनताको जीवन सहज बनाउने बताउनुभयो।

## 3. Bihar – Caste Survey

बिहार सरकारले जाति सर्वेक्षणको नतिजा सार्वजनिक गरेको छ । यो वर्ष दुई चरणमा सर्वेक्षण गरिएको थियो । राज्यमा अति पिछडिएका जातिहरूको सङ्ख्या ३६ प्रतिशतभन्दा बढी रहेको बताइएको छ । सर्वेक्षणअनुसार राज्यको जनसङ्ख्यामा अन्य पिछडिएका वर्ग २७.१२ प्रतिशत र अनुसूचित जाति १९.६५ प्रतिशत छन्।

## 4. E- Auction- PM

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले प्राप्त गर्नुभएका स्मृति चिन्हहरूको ई–लिलामी आजदेखि सर्वसाधारणका लागि सुरु भएको छ । यस लिलामीबाट संकलित रकम पवित्र गंगा नदीलाई पुनर्जीवित गर्न नमामि गंगे परियोजनालाई दान गरिनेछ।

## 5. Nobel Medicine

सन् २०२३ को चिकित्सा क्षेत्रको नोबेल पुरस्कार हंगेरीका प्रोफेसर काटेलिन कारिको र संयुक्त राज्य अमेरिकाका प्रोफेसर ड्रयू वेइसम्यानलाई संयुक्त रूपमा प्रदान गरिने छ। यी दुई वैज्ञानिकहरूले एम-आरएनए आधारित कोभिड खोप निर्माण गर्ने प्रविधि विकास गरेका थिए। यस प्रविधि विश्वव्यापी महामारीभन्दा पहिले प्रयोग भइरहेको थियो तर अहिले यो विश्वका करोडौं मानिसलाई दिइने गरिएको छ । यस एम–आरएनए प्रविधिमा क्यान्सरलगायत अन्य रोगका लागि पनि अनुसन्धान भइरहेको छ ।

## 6. Gandhi Jayanti

राष्ट्रपिता महात्मा गान्धीको १५४औँ जन्मजयन्तीमा आज राष्ट्रले श्रद्धाञ्जली अर्पण गर्दैछ । स्वदेश तथा विदेशमा रहेका भारतीय दूतावासमा विभिन्न कार्यक्रम आयोजना भइरहेका छन् । राष्ट्रिय राजधानी दिल्लीको राजघाटमा रहेको बापूको समाधिमा सर्वधर्म प्रार्थना सभा आयोजना गरिएको थियो । राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु, उपराष्ट्रपति श्री जगदीप धनकर र प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज बिहान राजघाटमा महात्मा गान्धीलाई पुष्पाञ्जलि अर्पण गर्नुभयो। आज देशले पूर्वप्रधानमन्त्री लालबहादुर शास्त्रीलाई पनि उहाँको जन्मजयन्तीमा सम्झिरहेको छ । राष्ट्रपति, उपराष्ट्रपति र प्रधानमन्त्रीले राष्ट्रिय राजधानीस्थित लालबहादुर शास्त्रीको स्मृति विजयघाटमा पुगेर पुष्पहार अर्पण गर्नुभएको छ ।

## 7. Cleanliness Drive

पूर्ण सरसफाईको परिकल्पना लिएर आजदेखि सरकारी कार्यालयमा तेस्रो चरणको विशेष सरसफाई अभियान सुरु भएको छ । यो विशेष अभियान यही महिनाको ३१ तारिकसम्म चल्नेछ । यो विगत दुई वर्षमा सञ्चालित विशेष कार्यहरूको निरन्तरता हो। आकाशवाणी रेडियोका प्रमुख महानिर्देशक , डा. वसुधा गुप्ताले आज नयाँ दिल्लीको कार्यालय परिसरमा विशेष सरसफाई अभियान कार्यक्रममा भाग लिनुभयो। सो अवसरमा डा. वसुधा गुप्ताले महात्मा गान्धीप्रति पुष्पहार अर्पण गर्नुका साथै सरसफाई कर्मचारीहरुलाई सम्मान समेत गर्नुभएको थियो ।

## 8. Ayushman Vaba

आयुष्मान भवः अभियानअन्तर्गत ५० हजारभन्दा बढीले अंगदान गर्ने प्रतिबद्धता जनाएका छन् । राष्ट्रपति श्री द्रौपदी मुर्मुले गत महिना गुजरातको गान्धीनगरबाट यो अभियान सुरु गर्नुभएको थियो। केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्री श्री मनसुख मण्डावियाले एक सामाजिक सञ्जाल पोस्टमा मानिसहरूलाई अंग दानको वाचा लिन आग्रह गर्नुभयो। हाम्रा संवाददाताका अनुसार डा. मण्डावियाले गत महिना उत्तर प्रदेशको आगरामा आयुष्मान भवः अभियान अन्तर्गत अंग दान गर्ने प्रतिज्ञाको नेतृत्व गर्नुभएको थियो।

9. Asian Games

चीनमा जारी ह्याङझाउ एसियाली खेलकुदमा भारतले आज महिलाको ३००० मिटर स्टीपल चेस इभेन्टमा रजत र कास्य पदक जितेको छ । यस प्रतियोगितामा भारतकी पारुल चौधरीले रजत र प्रीतिले कास्य पदक जितेकी छन् । यसअघि आज भारतले थप तीन कास्य पदक जितेको थियो । योसँगै भारतको पदक संख्या ५८ पुगेको छ । भारतीय महिला र पुरुष टोलीले स्पीड स्केटिङमा कास्य पदक जितेका छन्। महिला डबल्स टेबलटेनिसमा भारतले कास्य पदक पनि जितेको छ । टेबलटेनिसमा सुतीर्थ र अहिका मुखर्जीको जोडी सेमिफाइनलमा पराजित भएको थियो । पुरुष हक्कीमा भारतले बंगलादेशलाई १२–० ले हराएको छ । महिला कबड्डीमा भारत र चाइनिज ताइपेबीचको खेल ३४–३४ अंकको बराबरीमा सकिएको छ । ब्याडमिन्टनमा सिंगल्समा किदाम्बी श्रीकान्त र डबल्समा सात्विक साइराज रङ्की रेड्डी र चिराग शेट्टीको जोडी अर्को चरणमा पुगेको छ । मिक्स डबल्समा कृष्णप्रसाद र तनिषा क्रास्टोको जोडी महिला युगलको प्रि क्वाटरफाइनलमा प्रवेश गरेको छ । मिक्स डबल्समा अनाहत र अभयको जोडीले थाइल्याण्डलाई २–० ले हराएको हो । एथलेटिक्सको महिला ४०० मिटर हर्डल्समा आज भारतकी विथ्या रामराज ५५ दशमलव ४२ सेकेन्डमा फाइनलमा पुगेकी हुन् । योसँगै विथ्याले लस एन्जलस ओलम्पिकमा पीटी उषाले बनाएको राष्ट्रिय कीर्तिमानको बराबरी गरेकी छिन्। आर्चरीमा, भारतीय खेलाडीहरूले पुरुष र महिला कम्पाउन्ड इभेन्टका सबै 4 प्रि-क्वार्टरफाइनल खेलहरू जितेका छन्। पदक तालिकामा भारत १३ स्वर्ण, २२ रजत र २३ कास्यसहित कुल ५८ पदकसहित चौथो स्थानमा छ । चीन पहिलो, जापान दोस्रो र कोरिया तेस्रो स्थानमा छ ।